# १० एलीहूको क्रोध

*<u>यस अध्यायका मूल पदहरू:</u>* अय्यूब १३:२८, अय्यूब २८:२८, अय्यूब ३२:१-५, अय्यूब ३४:१०-१५, इजकिएल २८:१२-१७ र अय्यूब १-२:१०।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:</u>* **"स्वर्ग तथा आकाशहरू पृथ्वीभन्दा धेरै उचाईमा छन्। र मेरा मार्गहरू तिमीहरूका मार्गहरू भन्दा उच्च छन्। मेरा सोचहरू तिमीहरूका सोचभन्दा उच्च छन्" (यशैया ५५:९ रूपान्तरित)।**

अय्यूब र तिन जना मित्रहरूको बीचमा चलेको बादबिवाद तथा जुहारीमा व्यक्त गरेका शब्दहरू कुनै ज्ञान सिकाउँथे भने कुनै सुन्दर, गहिरो र सत्य पनि थिए। कतिपय मानिसहरूले अय्यूबको पुस्तकबाट उद्‌ध गरेर आफ्नो भनाईको पुस्टि गर्दछन्। तिनीहरूले इलिपज, बिल्दद र सोफरका भनाईहरूलाई पनि उद्‌ध गर्दछन्। त्यो किनभने तिनीहरूले भन्ने धेरै असल कुराहरू हामीले देखेका छौं। केवल तिनीहरूले ठिक वचनहरू ठिक समयमा, ठिक स्थानमा र ठिक परिस्थितिमा व्यक्त गर्दैनन्। हितोपदेशको पुस्तक २५:११-१३मा उल्लेख गरिएको शक्तिशाली सत्य सल्लाहलाई तिनीहरूले प्रयोग गरेका शब्दहरूले पुष्टि गर्दछन्: ठिक समयमा बोलेको ठिक वचन चाँदीको गहनामा सुनौलो स्याउहरू जस्तै हुन्छन्। सुन्ने कानको अगाडि बुद्धिमानी व्यक्तिको चेतावनी कानमा लगाउने सुन जस्तो वा सुनको गहना जस्तै हो। विश्वासिलो वा भरपर्दो सन्देशवाहकलाई सन्देश पठाउनु भनेको कटनीको समयमा शितल हिंउ परेको जस्तै हो। उनले उसको मालिकको जोशलाई पुननविकरण गर्दछ।" (रूपान्तरित)।

दु:ख लाग्दो कुरो त यो छ कि अय्यूबका हितैषी मित्रहरूले अय्यूबको पीडालाई शान्त गर्ने खालका वचनहरू व्यक्त गरेका थिएनन्। साँच्चिकै भनौं भने अय्यूबले तिन जना मित्रहरूको तितो वचनहरूले उनी गलत छन् भनेर गाली खान पाएकामात्र होइनन् अझ चौथो व्यक्ति तिनीहरूको माझमा ती तिन मित्रहरूसँग हाँमाहाँ मिलाउन आउँछन्।

## १. जिद्दिवाल सान्त्वना तथा सहानुभूति प्रकट गर्नेहरू (अय्यूब १३:२८)

**आफू चोखो भएको र जे भएतापनि परमेश्वरमा भरोसा राख्ने अय्यूबको प्रभावकारी प्रतिवद्धता व्यक्त गरेतापनि ती मित्रहरूको बीचमा निरन्तररूपमा कचकच चलिरहेको पाउँछौं। परमेश्वर, पाप, मृत्यु, न्याय, दुष्टता, ज्ञान र क्षणिक जीवनको बारेमा महत्त्वपूर्ण र गहिरो तर्कवितर्क र वादविवाद ती साथीहरूको बीचमा चलिरहेको अय्यूबको पुस्तकको धेरै अध्यायहरूमा पाउँछौं।**

देहायका पदहरूमा के सत्य कुराहरू प्रकट गरिएका छन्? हेर्नुहोस्: अय्यूब १३:२८ "“यसकारण मानिस सड़ेको वस्तु र नाश हुने र कीराले खाएको वस्त्रजस्तै नष्ट हुँदैछन।" अय्यूब १५:१४-१६ "१४ “निर्बल मानिस के हो र त्यो निर्दोष हुन सक्छ? अथवा स्त्रीबाट जन्मेको कुनै बालक, के त्यो धर्मी ठहरिन सक्छ? १५ परमेश्वरले आफ्नै पवित्र जनमाथि भरोसा राख्नुहुन्न र स्वर्ग नै उहाँको दृष्टिमा निर्दोष छैन भने, १६ मानिस त झन् कति कम होला, जो घिनलाग्दो र सड़ेको हुन्छ, र जसले अधर्मलाई पानीझैं पिउँदछ!", अय्यूब १९:२५-२७ "तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खड़ा हुनुहुनेछ। २६ अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु। २७ म आफ्नै आँखाले उहाँलाई देख्नेछु, आफैले नै देख्नेछु अरू कसैले होइन। मेरो हृदय मभित्रै कति लालयत बन्छ!" र अय्यूब २८:२८ "अनि उहाँले मानिसलाई भन्नुभयो, ‘परमेश्वरको डर नै बुद्धि हो, र दुष्टताबाट अलग रहनु समझशक्ति हो।”

ती अध्यायहरू भरि साथीहरूको बीचमा वादविवाद चलिरहन्छ। दुबै पक्षले आफू निहुरिन खोजेको पाइन्दैन। आफूहरूले गरेको विश्वास नै ठिक छ भनेर एलिपज, बिल्दद र सोफरले जिकिर गर्दछन्। मानिसहरूले आफ्नो जीवनमा जे गर्दछन् त्यसको फल भोग्दछन् भन्ने जिकिरलाई तिनीहरूले त्याग्दैनन्। अय्यूबलाई जे भयो त्यो उनकै पापको परिणामले हो भनेर जिद्दि गर्दै तिनीहरूले तर्क प्रस्तुत गर्दछन्। आफूमाथि निर्मम तथा निर्दयी पीडा आएकोमा अय्यूबले चित्कार गर्दछन्। आफूले नराम्रो काम केही नगरेको र त्यो दुर्गती भोग्न आफूमा आवश्यक नभएको अय्यूबले ठोकुवा गर्दछन्। अय्यूब र उनका साथीहरूको बीचमा जुहारी चल्छ र झगडा गर्छन्। अय्यूबले रित्त र घमण्डी वचनहरू प्रयोग गरेर आफू जित्न खोजेको भनेर ती सहानुभूति प्रकट गर्न आएकाहरूले उनीमाथि आरोप लगाउँछन्। अनि अय्यूबले पनि

तिनीहरूलाई आगोमा घिऊ थप्न आएको भनेर तिनीहरूलाई आरोप लगाउँछन्।

तर अन्तमा भन्ने हो भने अय्यूबसमेत गरेर तिनीहरू कसैलाई यो थाहा छैन कि के भइरहेको छ। तिनीहरूले थाहा पाउँने के आधार छ त? सबै मानव दिमागमा घुसेको सिमित दृष्टिकोणको आधारमा तिनीहरू बोलिरहेका थिए। यदि हामीले अय्यूबको पुस्तकबाट केवल एउटामात्र पाठ सिक्न सक्यौं भने (अहिलेसम्म अध्ययन गरेको आधारमा र ती मानिसहरूको बीचमा चलेको भाषणाहरूको आधारमा) यो हुनेछः परमेश्वर र उहाँको कामको बारेमा बोल्दा हामी मानिस भएको कारणले कोमल र नम्र भएर बोल्नुपर्छ। हामीलाई केही सत्य वा धेरै आत्मज्ञानहरू थाहा होला। तर कहिलेकाहीँ अय्यूबका ती तिन जना मित्रहरूबाट हामी यो सिक्न सक्छौं-हामीलाई थाहा भएको सत्यलाई उपयुक्त तरिकाले कसरी प्रयोग गर्ने सो हामीलाई थाहा छ भन्ने छैन।

**प्रकृति संसारमा हेर्नुहोस्। त्यहाँ भएको सानो सानो वस्तुहरूको बारेमा त कतिकुरा थाहा छैन वा हामीलाई सिमित ज्ञान छ भने महान् परमेश्वरको बारेमा थाहा छ भनेर दावी गर्न के हामी सक्षम् छौं त?**

## २. एलिहुको प्रवेश (अय्यूब ३२:१-५)

अय्यूबको पुस्तकको मूल पात्र जो भयानक पीडामा बहादुर भएर बस्न धैर्यता भएको अय्यूबले आफू चोखो रहेको अन्तिम स्पष्टिकरण तिन जना मित्रहरूलाई दिएको बिवरण अध्याय २६ देखि ३१मा पाइन्छ। उनको भाषणमा सौन्दर्यता थियो र भावूक थियो। तर उनले सुरूदेखि अन्तसम्म एउटै तर्कमा जिकिर गरिरहेका थिए जुन् थियो कि मैले जे दुःख भोगिरहेको छु त्यो भोग्न मैले केही गरेको छैन अर्थात् म निर्दोष छु र ममाथि अन्याय भएको छ। बस त्यति नै हो।

फेरि यहाँ मानव जगतले भोगिरहेको असली उदाहरण अय्यूबमा हामी पाउँछौं। अय्यूब जस्तै अनगिन्ति मानिसहरू दुःखकष्ट भोगिरहेका छन् जसमा तिनीहरूको कुनै दोष छैन। किन त? भन्ने कठिन प्रश्नको जवाफ पाउन मानव जगतले निरन्तररूपमा संघर्ष गरिरहेका छन्। कुनै कुनै मामिलामा त्यसको जवाफ पाउन सजिलै त नभएको होइन। कतिपय मानिसहरूले समस्या र दुःख आफ्नै कारणले आफूमाथि थुपारेको हुन्छ। त्यो कुनै लुकाउन सकेको मामिला होइन। तर प्रायजसो बिषेश गरेर अय्यूबको मामिलामा जस्तै मानिसहरूमा

दुःखकष्ट र पीडा आउँछन् जसमा तिनीहरूको कुनै दोष हुँदैन न त्यसमा सहभागी हुन तिनीहरूले केही नै गरेका हुन्छन्। त्यसले गर्दा निर्दोष मानिस पनि किन दुःख पाउँछन् भन्ने प्रश्नको जवाफ यथावत नै रहिरहेको हुन्छ।

आफूले कस्तो जीवन बिताइरहेको थियो भनेर चर्चा गर्दै अय्यूबले अय्यूब ३१ अध्याय अन्त्य गर्दछ। उनले त्यस्तो कुनै गलत वा खराब काम गरेका थिएनन् जसले गर्दा उनीमाथि आइपरेको संकष्टमा उनी सहभागी हुन पऱ्यो। अनि त्यस अध्यायको अन्तिम पद यसरी पढिन्छः "अनि अय्यूबका वचनहरू समाप्त भयो" (अय्यूब ३१:४० अङ्ग्रेजी बाइबलमा तर नेपालीमा ३२:१ रूपान्तरित)।

अय्यूब ३२ अध्यायमा के भइरहेको छ? एलीहूले अरू साथीहरूसँग मिले अय्यूबमाथि कस्तो आरोप लगाइरहेका छन्? हेर्नुहोस्: १ अय्यूबको वक्तव्यको समाप्त भयो। तब ती तीन जना मानिसहरूले अय्यूबलाई जवाफ दिन छोड़े, किनभने तिनले आफूलाई निर्दोष नै छु भनी सम्झे। २ तर रामको सन्तानको बुजी बारकेलका छोरा एलीहूलाई रीस उठ्यो। किनभने अय्यूबले आफूलाई परमेश्वरभन्दा पनि धेरै धर्मी तुल्याए। ३ ती तीन जना मित्रहरूसँग पनि तिनी रिसाए। किनभने अय्यूबलाई जवाफ दिन तिनीहरूसित केही जवाफै रहेन। यद्यपि तिनीहरूले तिनलाई दोषी ठहराए। ४ उनीहरू अय्यूबसँग कुरा गरुञ्जेल एलीहूचाहिँ चूप लागी बसेका थिए, किनकि उनीहरू तिनीभन्दा उमेरमा पाको थिए। ५ तर ती तीन जनासँग अय्यूबलाई फर्काउन जवाफ केही नभएको देखेर तिनले आफ्नो रीस थाम्न सकेनन्। ६ तब बुजी बारकेलका छोरा एलीहूले भन्न सुरु गरेः "म त उमेरमा सानै छु, अनि तपाईंहरू पाको हुनुहुन्छ। यसैकारण तपाईंको सामुन्ने मेरो ज्ञान देखाउन चाहिनँ र चूप लागी बसेको थिएँ। ७ मैले यस्तो विचार गरें, 'उमेरले बोल्नुपर्छ, र उमेर ढल्केकाहरूले आफ्ना बुद्धि प्रकट गर्नुपर्छ'। ८ तर मानिसमा त परमेश्वरका आत्मा हुनुहुन्छ, र सर्वशक्तिमान्को सास, जसले त्यसलाई समझशक्ति दिन्छ। ९ बूढ़ाहरू मात्रै ता बुद्धिमानी हुँदैनन्, अथवा जे ठीक छ सो बुझ्ने पाकाहरू मात्र हुँदैनन्। १० "यसैकारण म भन्दछुः मेरो कुरा सुन्नुहोस्। मैले जे जानेको छु सो भन्नेछु ११ हेर्नुहोस्, म त तपाईंहरूका कुरा सुन्दैथिएँ, तपाईंहरूले शब्दहरू खोज्नुहुँदा तपाईंहरूका विचारको अन्त के हुन्छ भनी, म ता ध्यानसित सुनिरहेको थिएँ। १२ तपाईंहरूको विचारको अन्त के हुन्छ भनी मैले पूर्ण ध्यान दिएको थिएँ। तर तपाईंहरूमध्ये कसैले पनि

अय्यूबलाई खण्डन गर्नुभएन, न त तिनको बहसको जवाफै दिनुभयो। १३ यसो नभन्नुहोस्, 'हामीले बुद्धि पाएका छौं, मानिसले होइन परमेश्वरले नै तिनको खण्डन गरून्'। १४ तर अय्यूबले मेरो विरुद्धमा बोलेका छैनन्, तपाईंहरूजस्तै म तिनलाई जवाफ दिनेछैनँ। १५ "तिनीहरू हैरान भएका छन्, र भन्नलाई केही बाँकी छैन। १६ के तिनीहरू बोल्दैनन् भनेर मैले पर्खिबस्ने र? किनभने तिनीहरू त्यहाँ उभिबस्छन्, र फेरि जवाफै दिँदैनन्। १७ होइन, अब म मेरै जवाफ दिनेछु, र म जे जान्दछु,म तपाईंहरूलाई भन्नेछु। १८ किनभने मेरो मुखभरि जवाफ आएको छ, मेरो मनमा कुरा भरिएको छ। १९ मद्यले जस्तै मेरो पेट फुलेको छ, दाखरसको नयाँ थैलीझैं पूरा फुलेको छ।२० शान्ति पाउनलाई मैले बोल्नैपर्छ, मैले मेरो मुख खोलेर जवाफ दिनैपर्छ। २१ म कसैको पक्ष लिनेछैनँ, म कुनै मानिसलाई सर्काउनेछैनँ। २२ किनकि म चाप्लुसी गर्न जान्ने भए, मेरा सृष्टिकर्ताले मलाई चाँड़ै उठाइलैजानुहुने थियो।"

प्रथम् पटक अय्यूबको पुस्तकमा एलीहूको नाउँ उल्लेख गरेको यहीं हो। अय्यूब र अरू तिन मित्रहरूको बीचमा चलिरहेको लामो जुहारी उनले स्पष्ट रूपमा सुनिरहेका थिए। तर उनी त्यस दृष्यमा कहिले प्रवेश भएको थियो भनेर हामीलाई भनिएको छैन। अय्यूबको पहिलो तिन जना मित्रहरू आउँदा उनी पनि थिए भनेर उल्लेख गरिएको छैन। तर अय्यूब र अरू तिन जनाहरूको बीचमा छलफल भइरहेको कुरा सुनेर तिनीहरूको सोचप्रति उनी संतुष्ट नभएको त हामीलाई थाहा छ। अय्यूब ३२ अध्यायको प्रथम् पाँच पदहरूमा नै चार पल्ट एलीहू आफूले सुनेको कुराहरूमा रिसाएको उल्लेख गरिएको छ (अङ्ग्रेजी बाइबलमा चार पल्ट उल्लेख गरिएको छ भने सरल नेपाली बाइबलमा तिन पल्ट- अनुवादक)। अय्यूबमाथि बज्रिएको महासङ्कष्टको बारेमा छलफल भइरहेको कुरालाई अर्को छ अध्यायहरूमा एलीहूले व्याख्या गर्न खोज्दछन्।

परमेश्वरको सामु आफू ठिक र निर्दोष भएको दावी गरेकोले एलीहूले अय्यूबमाथि रिस उठाएका थिए भनेर अय्यूब ३२:२मा भनिएको छ। तर अय्यूबको सही स्थितिलाई हेर्दा एलीहूको दृष्टिकोणमा सत्यता थिएन। अरूले भनेको कुरालाई नबङ्ग्याइ उचित तरिकाले बुझ्न खोज्नुपर्छ भनेर एलीहूको वचनहरूबाट हामीले कसरी सिक्ने? अरूले भनेका कूराहरूको उत्तम कुराहरू लिन सक्नुपर्छ तर खराब कुराहरू होइन भनेर भनेर सोच्न कसरी सिक्ने?

## ३. परमेश्वरको पक्षमा धर्मरक्षक भएर एलीहू बोल्दछन् (अय्यूब ३४:१०-१५)

एलीहू र उनले व्यक्त गरेका भनाईहरूको बारेमा धेरै टिप्पणी गरेको लामो इतिहास छ। उनको भनाईले अय्यूब र अय्यूबका अरू तिन जना मित्रहरूले गरेको बादबिवादलाई फड्को मार्न पुगेको थियो भनेर कतिपयले सोचेका छन्। तर समस्तीरूपमा हेर्ने हो भने एलीहूले त्यस्ता के उल्लेखनीय नयाँ वचन व्यक्त गरेका थिए जसले ती चार जना साथीहरूको बीचमा भइरहेको छलफल टुँगिन पुग्यो वा परिवर्तन आयो भन्ने निश्कर्षमा पुग्न सकिन्छ? बरू एलीहूले पनि अय्यूबका तिन साथीहरूले जस्तै परमेश्वरको चरित्रको पक्षमा बोलेर अय्यूबले जे दुःख भोग्यो त्यो उनको कामको फल हो भनेर जिकिर प्रस्तुत गरेका थिए।

एलीहूले अय्यूब ३४:१०-१५मा के सत्य कुराहरू बोलीरहेका थिए जुन् अय्यूबका अरू साथीहरूले जस्तै बोलेका थिए? एलीहूका शब्दहरू सत्य छन् यद्यपि अय्यूबले भोगिरहेको तत्कालिन परिप्रेक्ष्यमा त्यो किन उपयुक्त थिएन? हेर्नुहोस्: "१० “यसर्थ हे असल विवेकका मानिस हो, मेरो कुरा सुन्नुहोस्, परमेश्वरले कहिल्यै खराबी गर्नुहुन्न, र सर्वशक्तिमान्‌ले कहिल्यै छल गर्नुहुन्न। ११ किनभने उहाँले ता मानिसलाई त्यसको कामअनुसारको प्रतिफल दिनुहुन्छ, त्यसको चरित्रअनुसारको फल त्यसलाई दिनुहुन्छ। १२ साँचो कुरो ता यो हो कि परमेश्वरले कहिल्यै खराबी गर्नुहुन्न, सर्वशक्तिमान्‌ले न्याय बिगार्नुहुन्न। १३ कसले पृथ्वी उहाँको जिम्मामा दियो, कसले उहाँलाई सारा संसारमाथि अधिकार दियो? १४ यदि यी उहाँका विचार थिए र जीवन दिने उहाँको आत्मा र सास फर्काइलानुभयो भने, १५ क्षणभरमा नै सबै जीवित प्राणीहरू नष्ट हुनेछन्, र मानिस फेरि माटामा नै फर्किजानेछ।"

**अरू मानिसहरूमा जे थियो त्यही एलीहूमा पनि भएको साबित उपरोक्त पदहरूले देखाउँछ, त्यो हो, त्रास वा डर। मानिसहरूले सोचेको जस्तो परमेश्वर हुनुहुन्न भन्ने डर मानिसहरूको दिमागमा घुसिरहेको छ। परमेश्वरको भलाई, न्याय र शक्तिमाथि मानिसहरू विश्वास गर्न चाहन्छ। त्यसकारण एलीहूले के सत्य बोले त जुन् परमेश्वरको भलाई, न्याय र शक्तिबाहेक?**

"मानिसहरू कसरी जिइरहेका छन् सो उहाँ (परमेश्वरको) आँखाले देख्नुहुन्छ। मानिसहरूको प्रत्येक कदमलाई उहाँले हेरिरहनुहुन्छ। यस पृथ्वीमा कुनै अन्धकार स्थान छैन न त गहिरो स्थान् छ जहाँ खराब तत्वहरू लुक्न सक्छन्" (अय्यूब ३४:२१,२२ रूपान्तरित)।

"परमेश्वर शक्तिशाली हुनुहुन्छ तर उहाँले मानिसहरूलाई तुच्छ ठान्नुहुन्न। उहाँ बलबान हुनुहुन्छ र उहाँले ठ्याक्कै के गर्नुहुन्छ सो उहाँलाई थाहा छ। दुष्ट मानिसहरूलाई सधैं जीवितै राखिछोड्नुहुन्न। उहाँले जेजति गर्नुहुन्छ सो न्यायोचित र ठिक गर्नुहुन्छ। त्यसकारण उहाँले मानिसहरूलाई दुःख दिनुहुन्न। त्यसैकारण तिनीहरूले उहाँलाई सम्मान गर्छन्। जो बुद्धिमानी छन् तिनीहरूप्रति उहाँले चासो राख्नुहुन्छ।" (अय्यूब ३७:२३,२४ रूपान्तरित)।

यदि एलीहूले भनेका सबै कुराहरू सतप्रतिसत सही भएको भए अय्यूबले जे भोगिरहेका थिए त्यो उनकै पापको कारणले हो भनेर ठम्याउन सकिन्छ। नत्र के कारणले उनी दुःख पाइरहेका छन् त? यथार्थमा एलीहूले आफूले बुझेको अनुसार परमेश्वरको चरित्रलाई सुरक्षित गर्न खोजेका थिए। उनको भनाईमा यदि अय्यूब असलै मानिस थिए भने उनले त्यसरी भयानक दुःख भोग्नुपर्ने थिएन।

**के तपाईंको जीवनमा यस्तो केही बज्रपात भयो जसले गर्दा तपाईंको विश्वास डगमगिन थालेको थियो? त्यसलाई तपाईंले कसरी सामना गर्नुभयो? पछाडि फर्केर हेर्दा तपाईंले के फरक तरिका अपनाउन सक्नुहुन्थ्यो जसले गर्दा तपाईंको निष्ठा परमेश्वरमा रहिरहेको हुन्छ?**

## ४. दुष्ट तथा खराब न्यायसङ्गत छैन (इजकिएल २८:१२-१७)

निःसन्देह, अय्यूबका ती चारै जना मित्रहरू परमेश्वरमाथि विश्वास भएकाहरू थिए। तिनीहरू न्यायको परमेश्वरमा विश्वास गर्दथे। तर तिनीहरूमा एउटा समस्या थियो: परमेश्वरको चरित्रको विषयमा लिएर अय्यूबको अवस्थामा तिनीहरू एकै मनका भएका थिए। दुर्भाग्यवस, अय्यूबको मामिलामा जुन् नराम्रो कुरा तिनमा भयो त्यो उनकै खराबको कारणले हो भन्ने तिनीहरूको निति थियो। त्यो तिनीहरूको गलत धारणा थियो।

एलेन जी ह्वाइटले यो शक्तिशाली तथा अर्थपूर्ण टिप्पणी प्रस्तुत गर्छिन्: "पापको सुरू कसरी भयो र के कारणले भयो भनेर व्याख्या गर्नु असम्भव छ।...पाप आक्रमणकारी (वा आतङ्ककारी) हो। त्यसको कुनै कारण नै छैन। यो रहस्यमय र व्याख्या गर्न नसकिने हो। कुनै बहाना गरेर आँखा चिम्लनुको अर्थ त्यसको समर्थनमा जानु हो। यदि पापको बहाना भेट्टिएको भए र त्यसको

कारण देखाइएको भए पाप पाप हुनबाट रोकिन्थ्यो होला।"-*द ग्रेट कन्त्रोभर्सी*, पृ. ४९२,४९३बाट रूपान्तरित।

एलेन जी ह्वाइटले पाप भन्ने शब्द प्रयोग गर्छिन्। यदि त्यस शब्दलाई अर्को शब्दसँग साटियो भने के होला अर्थात् त्यही शब्दको अर्थ दिने शब्दः खराब वा दुष्ट। अनि उनको भनाईलाई यसरी पढ्न सकिन्छः "खराबको सुरूवात कसरी भयो र त्यसको कारण किन हो भनेर व्याख्या गर्नु असम्भव छ।....खराब तत्व आक्रमणकारी हो। त्यसको कुनै कारण छैन। यो रहस्यमय र व्याख्या गर्न नसकिने हो। यदि खराब त्यसै छ भनेर स्वीकार गरियो भने त्यसको पक्षमा बोल्नुहुन्छ। यदि कुनै खराबको बाहाना भेट्टियो भने वा त्यसको कारण देखाइयो भने त्यो खराब हुन रोकिन्छ।"

कतिपय समयमा नराम्रो घट्ना घट्यो भने मानिसहरूले यसरी भन्छन् वा सोच्छन्: "यो अप्रिय तथा गम्भिर घट्ना किन भयो त्यो म बुझ्न सक्दिन।" वा "यो दुर्घटना किन भयो त्यसको औचित्य छैन।" अय्यूबले पनि त्यसरी नै आफ्नो दुखेसो पोखाइरहेका थिए।

खराब तथा दुष्ट चालको औचित्यको कारण अय्यूब र उनका साथीहरूले बुझ्न नसकेको सही होः किनभने खराबको कुनै कारणै छैन। यदि हामीले बुझ्न सक्छौं र यसको औचित्यको बारेमा थाहा पाएको भए त्यो खराब हुने थिएन। दुःखद घट्ना किनभयो भनेर हामीले थाहा पाएको भए त्यसको औचित्यप्रति संतुष्ट हुनेथियौं।

शैतानको पतन कसरी भयो र खराब कसरी सुरूभयो भनेर इजिएल २८ः१२-१७ पढ्नुहोस्। शैतानको पतन हुनुको औचित्य केही छ त? हेर्नुहोस्: "११ परमप्रभुको यो वचन मकहाँ आयोः १२ "हे मानिसको छोरो, टुरोसका राजाको विषयमा विलाप गर, र त्यसलाई भन्: 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः " 'तिमी त सिद्धताको एक नमूना थियौ, र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर। १३ परमेश्वरको बगैंचा अदनमा तिमी थियौ। हरेक बहुमूल्य पत्थरले तिमी सिँगारिएको थियौ– मानिक, पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले तिमी आभूषित थियौ। तिम्रा मणिघरहरू सुनले मोहोरिएका थिए, तिमी सृजेको दिनमा नै ती तयार पारिएका थिए। १४ अभिभावक करूब हुनलाई तिमी अभिषेक गरिएको थियौ, किनकि त्यसरी नै मैले तिमीलाई नियुक्त गरेको थिएँ। परमेश्वरको पवित्र पर्वतमा तिमी थियौ। अग्निमय पत्थरहरूका बीचमा तिमी हिँड्थ्यौ। १५ तिमी सृजिएको दिनदेखि तिमीमा

अधर्म फेला नपरेको दिनसम्म, तिम्रो चाल-ढङ्गमा तिमी दोषरहित थियौ। १६ तिम्रो चारैतिरका व्यापारद्वारा तिमी उपद्रवले भरियौ, र तिमीले पाप गऱ्यौ। यसैले मैले तिमीलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तिमीलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ। १७ तिम्रो सुन्दरताले गर्दा तिम्रो हृदय घमण्डले फुलियो,
तिमीले आफ्नो गौरवको कारण तिम्रो बुद्धिलाई भ्रष्ट पाऱ्यौ। यसैले मैले तिमीलाई जमिनमा फालिदिएँ। राजाहरूका अगि मैले तिमीलाई तमाशा बनाइदिए।"

**लुशिफर सिद्ध जीव थियो। सिद्ध परमेश्वरले सिद्ध वातावरणमा उसलाई सृष्टि गरिएको थियो। सबै स्वर्गदूतहरूको सामु ऊ सम्माननीय थियो। उसमा बुद्धिले भरिएको थियो, सौन्दर्यतामा सिद्ध थियो र ऊ अनेकौं बहुमुल्य पत्थरहरूले सजिएको थियो। ऊ अभिषेक गरिएको करुब वा स्वर्गदूत थियो जो परमेश्वरको पवित्र पहाडमा रहन्थ्यो। तर त्यस सिद्ध व्यक्तित्वलाई धेरै कुराले सुसम्पन्न भएतापनि उसले नाशको बाटोमा आफूलाई समर्पित गऱ्यो र उसले आफ्नो जीवनमा खराबीलाई रजाइँ गर्न दियो। अति सम्माननीय लुशिफरलाई स्वर्गमै खराब तत्वले सत्यानाश गर्नुपर्ने कारणको औचित्य नहुनुजस्तो अरू के होला?**

**न्यायसङ्गत नभएको र व्याख्या गर्न नसकिने खराब कस्तो थियो भनेर तपाईंले के अनुभव गर्नुभएको छ।**

## ५. बिश्वास अर्थात् परमेश्वरमा मानिसको हुनुपर्ने निष्ठाको चुनौति (अय्यूब १:२:१० पुनरावलोकन गर्नुहोस्)

यथार्थमा अय्यूबको पुस्तकका मूल पात्रहरू कमजोरी मानव जातिहरू हुन् जसले जीवनलाई धमिलो ऐनाबाट हेरिरहेका हुन्छन् (१ कोरन्थी १३:१२)। प्राकृतिक र आत्मिक संसारको बारेमा तिनीहरूमा भएको सिमित ज्ञानको आधारमा तिनीहरू चलिरहेका हुन्छन्। यो अत्यन्त अचम्मको छ कि अय्यूबसमेत गरेर कुनै पनि अरू चार जना साथीहरूले तिनीहरूको जीवनमा शैतानले खेल्ने भूमिकाको बारेमा कुनै चर्चा गरिएको देखिन्दैन। अय्यूबको पुस्तकको सुरूमा हामीहरूले हेऱ्यौं कि अय्यूबलाई भएको सबै कष्ट, पीडा, बियोग आदिको कारण परमेश्वर नभएर शैतान हो। उनको दुःखको कारण उनलाई परमेश्वरले ल्याउनुभएको दण्ड हो भनेर सबै साथीहरू बिशेष गरेर एलीहूले जिकिर गरेका थिए र यस बिषयमा तिनीहरू ठिक छन् भनेर ठोकुवा

गरेका थिए (यसलाई पुष्टि गर्न अय्यूब ३६:१-१२मा यसरी लेखिएको छः "१-२ धैर्य गर्नुहोस् र केही बेर मेरो कुरा सुन्नुहोस्, म परमेश्वरको तर्फबाट बोल्दै छु। ३ म धेरै कुरा जान्दछु; म आफ्नो ज्ञान लाएर परमेश्वर, मेरा सृष्टिकर्ता, न्यायी हुनुहुन्छ भन्ने कुरा स्पष्ट गरिदिनेछु। ४ मैले बोलेका कुनै कुरा झूटा छैनन्, तपाईंको अघि एक जना साँच्चै सिद्ध ज्ञान भएको मानिस खडा छ। ५ परमेश्वर कति शक्तिमान् हुनुहुन्छ! उहाँले कसैलाई घृणा गर्नुहुन्न अनि उहाँले नबुझ्ने कुरा केही छैन। ६ उहाँले पापीहरूलाई जिउन दिनुहुन्न अनि गरीबहरूको उचित न्याय गरिदिनुहुन्छ। ७ उहाँले धर्मीहरूबाट आफ्नो नजर हटाउनुहुन्न, बरु तिनीहरूलाई राजाझैं शासन गर्न दिनुहुन्छ र सदासर्वदा तिनीहरूलाई आदर प्राप्त गर्न दिनुहुन्छ। ८ तर तिनीहरू साङ्लामा परे भने, आफ्ना दुष्कर्मको फल भोग्छन् भने, ९ परमेश्वरले तिनीहरूलाई तिनका पाप र घमण्ड देखाइदिनुहुन्छ। १० उहाँको चेतावनी तिनीहरूका कानमा परिरहन्छ, दुष्ट चालबाट फर्कनलाई आज्ञा दिनुहुन्छ। ११ यदि तिनीहरूले परमेश्वरको आज्ञा मान्छन् र सेवा गर्छन् भने सुख र शान्तिमा तिनीहरूले आफ्ना जीवन बिताउनेछन्। १२ तर होइन भने तिनीहरू अज्ञानतामा मर्नेछन् र नदीपारि मृतकहरूको देशमा पुग्नेछन्।") । अय्यूबले किन दुःख पाए भनेर व्याख्या गर्न अय्यूबका मित्रहरू असफल भएका थिए। त्यो असफलताको बारेमा अय्यूबलाई थाहा थियो।

परमेश्वर र शैतानको बीचमा भइरहेको आत्मिक युद्धको पृष्ठभूमिको बारेमा हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई थाहा भएतापनि अय्यूबलाई भएको आतङ्कित पार्ने सबै कष्टको बारेमा के चित्तबुझ्दो व्याख्या गर्न सक्षम् छौं त? अय्यूब १:२:१० फेरि पढेर अय्यूबको मामिला लिएर दुःखकष्टको बारेमा हामीमा भएको अनगिन्ति प्रश्नहरूको जवाफ यथावत नै छ भनेर के हामी स्वीकार्दैनौं र? हेर्नुहोस्: "१ ऊज देशमा अय्यूब नाम गरेका एक जना मानिस थिए। उनले परमेश्वरलाई पुज्दथे र उहाँप्रति विश्वासयोग्य थिए। उनी असल मानिस थिए र खराब काम गर्नबाट जोगिन्थे। २ उनका सात छोराहरू र तीन छोरीहरू थिए। ३ उनका सात हजार भेडा र तीन हजार ऊँट, एक हजार गाई-वस्तु, पाँच सय गधाहरू थिए। उनका धेरै नोकर-चाकरहरू थिए। पूर्वका मानिसहरूमध्ये उनी सबैभन्दा धनी थिए। ४ अय्यूबका छोराहरू मिलेर पालैपालो भोज दिने गरेका थिए। ती भोजमा सबै जना आउँथे। तिनीहरूले आफ्ना तीन बहिनीहरूलाई पनि भोजमा बोलाउँथे। ५ भोज भएको भोलिपल्ट

अय्यूब बिहानै उठ्थे र आफ्ना प्रत्येक छोरा-छोरीका नाउँमा होमबलि चढाउँथे। उनले त्यसरी आफ्ना सन्तानलाई चोख्याउने गर्थे। सायद कोही छोरा वा छोरीले अनजानमा परमेश्वरको अपमान गरेर पाप पो गरिहाल्यो कि भनी उनले त्यसो गर्ने गर्थे। ६ स्वर्गका जनहरू परमप्रभुको सामु उपस्थित हुने दिनमा शैतान पनि त्यहाँ पुग्यो। ७ परमप्रभुले त्यसलाई सोध्नुभयो, "तिमी के गर्दै छौ?" शैतानले उत्तर दियो, "पृथ्वीमा चारैतिर यताउति घुमफिर गर्दै थिएँ।" ८ परमेश्वरले सोध्नुभयो, "के तिमीले मेरो सेवक अय्यूबलाई देख्यौ? पृथ्वीमा त्योजस्तो सोझो र असल मानिस कोही छैन। त्यसले मलाई पुज्दछ र खराब कामबाट होशियारसाथ जोगिएर बस्दछ।" ९ शैतानले जवाफ दियो, "के त्यसलाई खास लाभ नभए अय्यूबले तपाईंलाई पुज्दथ्यो र? १० सधैँ तपाईंले त्यसका जहान परिवार र धन-सम्पत्तिको रक्षा गर्नुभएको छ। त्यसका सबै काममा तपाईंले आशीर्वाद दिनुहुन्छ र सारा देश भरिने गरी त्यसलाई गाई-वस्तु दिनुभएको छ। ११ तर त्यसका सबै चीज खोस्नुहोस् त, त्यसले तपाईंको मुखकै सामुन्ने सराप्नेछ!" १२ परमप्रभुले त्यसलाई भन्नुभयो, "ठीक छ। त्यसका सबै थोक तिम्रो अधिकारमा दिएँ। खालि त्यसको जिउलाई चाहिँ तिमीले हात नलगाउनू।" शैतान त्यहाँबाट निस्क्यो। १३ एक दिन अय्यूबका छोरा-छोरीहरू आफ्नो जेठा दाइको घरमा भोजमा बसेका थिए। १४ एक जना मानिस यस्तो खबर लिएर अय्यूबकहाँ दगुरेर आयो, "हामी गोरुहरू जोतिरहेका थियौं, छेउमा गधाहरू पनि चरिरहेका थिए। १५ अचानक शबीहरूले हमला गरे र ती पशुहरू लगे। अरू सबै तपाईंका नोकरहरूलाई मारे। म मात्र भागेर तपाईंलाई खबर दिन आइपुगें।" १६ त्यसले बोल्दाबोल्दै अर्को नोकर आएर भन्यो, "भेडा र गोठालाहरूलाई चटयाङ्गले मार्‍यो। तपाईंलाई खबर दिन म मात्र बाँचेर आएँ।" १७ त्यसले भनिनसक्दै अर्को नोकर आएर भन्यो, "तीन दल कल्दी छापामारहरूले हामीमाथि हमला गरे र ऊँटहरू लुटेर लगे। मबाहेक अरू सबै तपाईंका नोकरहरूलाई तिनीहरूले मारे। तपाईंलाई खबर दिन बाँचेर आउने म मात्र भएँ।" १८ त्यो पनि बोल्दै नै थियो, अर्को नोकर आएर भन्न लाग्यो, "तपाईंका छोरा-छोरीहरूले जेठा दाजुको घरमा खानपान गर्दै थिए। १९ त्यस बेला मरुभूमिबाट आँधी-बेहरी आयो र घरै भत्काइदियो र तपाईंका छोरा-छोरीहरू सबै मरे। तपाईंलाई खबर दिन म मात्र बाँचें।" २० ती सबै सुनेपछि अय्यूब उभिए र शोकले आफ्नो वस्त्र च्याते। तिनले आफ्ना कपाल खौरे र भूइँमा घोप्टो परे। २१ उनले भने, "म आफ्नी आमाको

गर्भबाट नाङ्गै आएँ र म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो र परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्!" २२ यी सबै भए पनि अय्यूबले परमेश्वरलाई दोष दिएर पाप गरेनन्।" अय्यूब २:१-१० "१ स्वर्गका जनहरू फेरि परमप्रभुको अघि उपस्थित हुने दिनमा शैतान त्यहाँ हाजिर भयो। २ परमप्रभुले त्यसलाई सोध्नुभयो, "तिमी कहाँ गएको थियौ?" शैतानले उत्तर दियो, "म पृथ्वीमा चारैतिर यताउता घुमफिर गर्दै थिएँ।" ३ परमप्रभुले सोध्नुभयो, "के मेरो सेवक अय्यूबलाई देख्यौ? पृथ्वीमा त्योजस्तो सोझो र असल मानिस कोही छैन। त्यसले मलाई पुज्दछ र खराब कामबाट होशियारसाथ जोगिएर बस्छ। बिनाकारण त्यसमाथि आक्रमण गर्न तिमीले मसँग अनुमति माग्यौ। तर अय्यूब अझसम्म विश्वासयोग्य रहेको छ।" ४ शैतानले जवाफ दियो, "आफ्नो ज्यान बचाउनलाई मानिसले आफ्ना हातका सबै थोक दिन्छ। ५ तर उसको शरीरमा चोट पुऱ्याउनुहोस्। उसले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछ!" ६ यसर्थ परमप्रभुले शैतानलाई यसो भन्नुभयो, "ठीक छ, त्यो तिम्रो हातमा छ। खालि त्यसको ज्यानचाहिँ तिमीले नलिनू।" ७ शैतान परमप्रभुको सामुबाट बिदा भयो। त्यसले अय्यूबको शरीरमा शिरदेखि पैतालासम्म घाउ-खटिरा उब्जाइदियो। ८ अय्यूब गएर खरानीको रासमा बसे र घाउ कन्याउन एउटा माटोको भाँडोको फुटेको टुक्रा हातमा लिए। ९ उनकी श्रीमतीले उनलाई भनिन्, "तपाईं अझै पहिलाजस्तै विश्वासयोग्य रहनुभएको छ, होइन? किन परमेश्वरलाई सराप दिएर मर्नुहुन्न?" १० अय्यूबले जवाफ दिए, "तिमी मूर्ख कुरा गर्दछ्यौ, के हामीले परमेश्वरबाट असल कुरा मात्र थाप्ने र दुःखको कुरा नथाप्ने?" जस्तै दुःख पाए पनि अय्यूबले परमेश्वरको विरुद्धमा केही बोलेनन्।"

अय्यूबको पुस्तकको सुरूमा के भयो सो हामीलाई जानकारी छ। स्वर्गमा परमेश्वर र शैतानको बीचमा के भइरहेको थियो त्यो दृष्य हामीलाई थाहा छ तर अय्यूब र उनका कुनै पनि साथीहरूलाई थाहा थिएन। हुन त अहिले पनि कतिपय विषयबस्तुहरूको बारेमा हामी बुझ्दैनौं। अहिलेसम्म हामी सिक्यौं कि जुन् खराब कुराहरू अय्यूबमा आइलाग्यो त्यो शैतानले ल्याएतापनि अय्यूबको निष्ठावान, असल र धर्मी चरित्रलाई औंल्याएर परमेश्वरले शैतानलाई चित्त बुझाउन खोज्नुभएको थियो। यो कस्तो अचम्मको कुरा? अय्यूब धर्मी र असल भएको कारणले ती सबै भयानक आपद, बिपद र खराब कुराहरू उनीमाथि आइलागेको थियो त? यो हाम्रो मानव मश्तिष्कले कसरी बुझ्ने र

लिने? यदि अय्यूबलाई सो कुरा थाहा भएतापनि के अय्यूबले परमेश्वरको यो चित्कार गर्ने होला र "प्रभु मलाई होइन अरूलाई नै शैतानसँगको वहसमा प्रयोग गर्नुहोस्। मेरा सन्तानलाई मलाई फिर्ता दिनुहोस्, मेरो स्वास्थ र श्रीसम्पत्तीहरू मलाई फर्काउनुहोस्?" परमेश्वर र शैतानको बीचमा दुष्ट्याईंको प्रयोगशाला हुन अय्यूबले आफ्नै इच्छाले "लौ, गर्नुहोस्" भनेर आफ्नो जीवनलाई सुम्पेको थिएन। कसले त्यसो गर्ला र? त्यसकारण अय्यूब र उनको परिवारमा आएका सबै बिपदहरू कतिको न्यायसङ्गत छ र?

अय्यूबको पुस्तकको अन्त्यमा शैतानले परमेश्वरलाई दिएको चुनौतिमा परमेश्वर जित्नुभएको थियो तर आफ्नो हारलाई शैताले स्वीकारेको छैन भन्ने कुरा हामीलाई थाहा छ। सो कुरालाई प्रकाश १२:११,१२ले यसरी पुष्टि गर्दछः "११ थुमाको रगतले, उनीहरूले घोषणा गरेका सत्य वचनले र ज्यानसम्म दिन उनीहरू तयार भएका हुनाले हाम्रा भाइहरूले त्यसलाई जितेका छन्। १२ यसकारण स्वर्ग र त्यहाँ रहनेहरू सबै रमाओ! तर पृथ्वी र समुद्रलाई हाय! हाय!! *किनभने तिनीहरूका बीचमा शैतान राँकिएर आएको छ र त्यसको समय सिद्धिन लागेको छ भन्ने त्यसलाई थाहा छ*।"
त्यसकारण मानव दृष्टिकोणले अय्यूबको पीडाको उद्देष्य के हो? फेरि आखिरमा अय्यूबलाई सबै कुराको फलिफाप भएतापनि त्यस कथामा भएका सबै मानिसहरूको मृत्यु र उनकै आफ्नै पीडा पनि के उचित थियो त? यदि यी प्रश्नहरूको जवाफ हामीमा यथावत भयो भने अय्यूबको हृदयमा पनि कतिपय प्रश्नहरू आए होलान्? (त्यस बिषयमा अझ हामी छलफल गर्नेछौं)।

तर अय्यूबको पुस्तकको पाठहरूमा एउटा अत्यन्त महत्त्वपूर्ण पाठ हामीले सिक्न सक्छौं। हामीहरू विश्वासद्वारा जिउनुपर्छ हामीमा भएको के कुराको आधारमा र हामीले के देखेको आधारमा होइन। हामीमा आइपर्ने अनेकौं बिघ्न बाधाहरू, सङ्कष्टहरूको बारेमा हामीले व्याख्या गर्न नसकेतापनि हामीहरू अय्यूब जस्तै सबैकुरा परमेश्वरमा भरोसा राखेर उहाँमा निष्ठावान बस्नु जरुरत छ। सबै कुरा असली रूपमा व्याख्या गर्न सकेपछि मात्र वा जे भयो त्यसबाट असल हुन आउँछ भनेर थाहा नभएतापनि हामी विश्वासको आधारमा जिइरहनुपर्छ। हामीहरूमा र हामीहरूको वरिपरि जे भइरहेका छन् त्यो उचित, न्यायसङ्गत नभएको देखिएतापनि हामी अय्यूबले जस्तै विश्वासमा जिउनुपर्छ, उहाँमाथि भरोसा राख्नुपर्छ र उहाँका आज्ञाहरू शिरोपर गरिरहनुपर्छ।

**तपाईंको जीवनमा के भइरहेको छ सो किनभयो थाहा नपाएतापनि परमेश्वरमा भरोसा राखेर किन चल्नुपर्छ? तपाईंले सोचेको भन्दा तपाईंको प्रश्नको जवाफ सही रुपमा नआएतापनि परमेश्वरमा निरन्तररूपमा भरोसा राख्न कसरी सिक्ने?**

## उपसंहारः

थप जानकारीः विश्वास वा परमेश्वरमाथिको निष्ठा र तर्कहरूको बारेमा चर्चा गर्दा लेखक जोन हेड्ली ब्रुकले जर्मनको दार्शनिय इम्मान्युल क्यान्टको (ई.सन् १७२४-१८०४) बारेमा लेखेका थिए। परमेश्वरले काम गर्नुभएको बारेमा जान्न मानिसको ज्ञान कतिको सिमित रहेछ भनेर क्यान्टले जान्न चाहेका थिए। लेखक जोन हेड्ली ब्रुकले लेखेः "परमेश्वरको मार्गको बारेमा ठिक ज्ञान विश्वासबाट हुन्छ ज्ञानबाट होइन भन्ने क्यान्टको धारणा थियो। उनको आफ्नो अडान सही छ भनेर प्रमाण गर्न उनले अय्यूबको पीडालाई नमुनाको रूपमा लिए। अय्यूबले सबै थोक गुमाए तर उनले आफ्नो सफा तथा निर्मल बिबेकचाहीँ गुमाएन। आफूलाई परमेश्वरको इच्छामा सुम्पेको हुनाले उनमाथि भयानक बिपत्ति आउनुको कारण परमेश्वरको दण्ड हो भनेर उनका साथीहरूले गरेको जिकिर नमान्ने अधिकार आफैमा सुरक्षित राखेका थिए। उनलाई दुःखकष्ट आउँदा उनले थाहा पाएकै अनुसार विश्वाससाथ अडान लिन प्रतिवद्धता व्यक्त गरेका थिए: ती भयानक दुःखकष्ट तथा बिपत्ती उनमाथि आउन दिनुको परमेश्वरको कारणले के थियो भनेर उनले अचम्म मानेका थिए।"-साइन्स एण्ड रिलिजन (न्यु योर्कः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, २००६), पृ. २०७,२०८बाट रूपान्तरित।

अय्यूबलाई जे भयो त्यसको जवाफ सरल तरिकाले दिन सकिन्छ भनेर अय्यूबका साथीहरूले सोचेका थिए। अय्यूबकै पापको कारण उनले दुःख पाएका थिए भनेर तिनीहरूले ठोकुवा गरेका थिए। झट्ट हेर्दा तिनीहरूको तर्क त्यो भन्दा सही अरू के हुन्थ्यो होला? तर तिनीहरूको तर्क गलत थियो। अय्यूबको कथाले हामीलाई अत्यन्त शक्तिशाली वा प्रभाकारी यो पाठ सिकाउँदछ कि परमेश्वरले रचना गर्नुभएको संसारमा जे हुन्छ र उहाँको स्वभावलाई कुनै पनि मानव वुद्धि वा ज्ञानले थाहा पाउन सम्भव छ भन्ने छैन।

चिन्तनमननः

अ. यो उत्सुकताको बिषय हो कि अय्यूबको परिस्थितिलाई बुझाउन व्यक्त गरिएका लामो लामो भाषणहरूमा शैतानको समावेशको बारेमा केही उल्लेख गरिएको छैन। त्यो किन भयो त? ती मानिसहरूमा केही सत्य वा आत्मज्ञान भएतापनि तिनीहरूको समझ र बुद्धिमा तिनीहरू कतिको सिमित रहेछ भनेर देखाउँदैन र? हामीहरूमा केही आत्मज्ञान थाहा भएतापनि ती मानिसहरूमा भएको अल्पज्ञानले हामीलाई के सिकाउँछ?

आ. "हामीलाई कामकुरोको व्यवस्थित गर्न दिँदा हामीहरूको सफलताको श्रेय हामीहरूकै बुद्धिमा भर परेको भए के हामीले परमेश्वरले नदिनुभएको बोझको बारेमा कुरा गरिरहेकाछौं त जसलाई कार्यान्वन गर्न उहाँको सहायताको आवश्यकता छैन?...जब हामी परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनेर साँच्चिकै विश्वास गर्छौं र उहाँले जे गर्नुहुन्छ हाम्रै भलाईको निम्ति हो भनेर अडान लिएर बस्न सक्यौं भने हामी भविष्यको बारेमा चिन्ता गर्न छोड्नेछौं। जसरी बालकले आफ्नो प्रिय आमाबाबुमाथि भरोसा राख्दछन् हामीले पनि परमेश्वरमाथि भरोसा राख्नेछौं। अनि हामीहरूको दुःख र कष्टहरू बिलाएर जानेछन्। तिनीहरू किन बिलाउँछ भन्दा हामीहरूको इच्छा परमेश्वरको चाहनामा पोको पारिएको हुन्छ।"-एलेन जी ह्वाइट, *थटस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. १००, १०१बाट रूपान्तरित। परमेश्वरमाथि यस्तो खालको भरोसा, विश्वास र आस्था राख्न हामीले कसरी सिक्ने? बर्तमान समयमा हामीले के निर्णयहरू गरिरहेकाछौं जसले गर्दा परमेश्वरमाथि हामीहरूको विश्वास बलियो वा कमजोर हुने गइरहेको छ?